जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ०२ पृष्ठः ४ | २०८२ बैशाख ०६ गते शनिबार (Saturday 19 April 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## आनन्दी सदाय मृत्यु प्रकरण : एसएसपी नेतृत्वको तीन सदस्यीय छानबिन समिति गठन



**विनय आजाद**

सिरहा, ५ वैशाख। सिरहाको नवराजपुर गाउँपालिका-३ स्थित दोनवारी टोलकी २४ वर्षीया आनन्दी सदायको मृत्यु प्रकरणका विषयमा छानबिन समिति गठन भएको छ। मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरले एसएसपीको नेतृत्वमा छानबिन समिति गठन गरेको हो। एसएसपी शान्तिराज कोइरालाको नेतृत्वमा बुधबार नै तीन सदस्यीय छानबिन समिति गठन भएको र बिहीबारदेखि काम थालिसकिएको मधेश प्रदेशका प्रहरी प्रमुख डीआइजी लालमणि आचार्यले जानकारी दिए। यो समितिले घटनाका अन्य पाटोसँगै मूलतः प्रहरीको गल्ती वा कमजोरी छ कि भन्ने कुरामा केन्द्रित रहेर छानबिन गर्ने डीआईजी आचार्यले जानकारी दिए। 'यसमा प्रहरीको कमजोरी छ भन्ने कुरा आएको छ, मुद्दा दर्ता गर्न समय लगाएको कुराहरु आएका छन्,' उनले भने, 'यो समिति मूलतः यसैमाथि केन्द्रित हुन्छ।'

छानबिन समितिले प्रतिवेदनमा औंल्याउने तथ्यका आधारमा अगाडि बढ्ने उनको भनाइ छ। 'समितिले प्रतिवेदन बुझाएपछि हामी अध्ययन गर्छौं,' उनले भने, 'यदि प्रहरीको बदमासी हो भने कारबाही हुन्छ।' सदाय मंगलबार दिउँसो ३ बजे आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत भेटिएकी थिइन्। त्यसअघि पुस ९ मा उनीमाथि गाउँकै २२ वर्षीय सञ्जीवकुमार यादव र ३२ वर्षीय श्यामसुन्दर यादवले सामूहिक बलात्कारको प्रयास गरेका थिए। तर, सोही दिन इलाका प्रहरी कार्यालय, महेशपुर पतारमा जाहेरी दिएपनि आरोपित पक्ष र प्रहरीले पनि पीडितलाई गाउँमै मिल्न दबाब दिएको थियो। प्रहरीले सुनुवाइ नगर्दा पीडित परिवार मिडियामा जाने तयारी गरेपछि अढाइ महिनापछि फागुन २५ मा बल्ल उनको जाहेरी दर्ता भएको

**-बाँकी दुई पेजमा**

## सिरहामा चट्याङ लागेर किसानको मृत्यु

**विनय आजाद**

सिरहा, ५ वैशाख। सिरहामा चट्याङ लागेर एक जना किसानको मृत्यु भएको छ। कल्याणपुर नगरपालिका-६, भोक्राहाका ४५ वर्षीय बेचन रोहिताको चट्याङ लागेर मृत्यु भएको हो। आफ्नै गहुँको खेतमा बिहीबार बेलुका काम गरिरहेका बेला उनलाई चट्याङ लागेको जिल्ला प्रहरी कार्यालय, सिरहाले जनाएको छ। मृतकको शव पोस्टमार्टमका लागि सिरहास्थित प्रादेशिक अस्पताल पठाइएको छ।

## शिक्षकहरुको आन्दोलनका कारण कक्षा १२ को परीक्षा अन्योलमा


काठमाडौं, ५ बैशाख। शिक्षा विधेयक यथासक्य छिटो पारित गर्न माग गर्दै शिक्षकहरुले गरिरहेका सडक आन्दोलनले आज १७ औं दिन पनि निरन्तरता पाउने भएको छ। शिक्षकहरुले दिउँसो १२ बजे माइतीघर मण्डलाबाट विरोध सभा शुरू गरी ३ बजे बानेश्वरमा पुगेर समापन गर्ने बताएका छन्। आन्दोलनका कारण एसईईको उत्तरपुस्तिका जाँच, यही वैशाख ११ गतेदेखिको कक्षा १२ को परीक्षा, नयाँ शैक्षिकसत्रका लागि विद्यार्थी भर्ना अभियान लगायतका शैक्षिक



कार्यक्रम प्रभावित भएका छन्। शिक्षकहरू नै सहभागी नहुने भएपछि कक्षा १२ को परीक्षा सञ्चालन गर्न नसकिने राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा.महाश्रम शर्माले बताउनुभयो।

आन्दोलनका कारण परीक्षा

**-बाँकी दुई पेजमा**


GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## व्यवसायिक खेतीमा रासायनिक मलको प्रयोग कम गरौं

व्यवसायिक खेती गर्दा रासायनिक मलको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति घट्दै जान्छ। त्यसैले जैविक मल प्रयोग गरेर माटोको स्वास्थ्य सुधार गरी राम्रो उत्पादन लिन सकिन्छ। जैविक मलको प्रयोगबाट उत्पादित खानेकुरा स्वास्थ्यका लागि पौष्टिक एवम् फाइदाजनक हुन्छ। घरायसी घाँसपात, पशुको गोबर लगायत कुहिने वस्तुबाट प्राङ्ग्रारिक मल बनाउन सकिन्छ। माटोलाई जिवित राख्नुकासाथै माटोमा हुने सुक्ष्म जीवहरुको मात्रामा वृद्धि गरि माटोको उर्वरा शक्ति बढाउन मदत गर्छ। बालीमा रोग किराको प्रकोप कम हुनुका साथै बिरुवालाई मजबुत बनाउँछ। मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पनि पार्दैन। तसर्थ व्यवसायिक खेती गर्दा रासायनिक मलको प्रयोग कम गरौं, जैविक तथा प्राङ्ग्रारिक मलको महत्वबारे आफु पनि बुझौं र अरुलाई पनि बुझाऔं।

मधेश प्रदेश सरकार
**आमसञ्चार प्राधिकरण**

## बन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरू सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं,
- चुरोट, बिडीका टूटा जथाभावी नफालौं। यसले आगलागिको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौ, स्थानीय प्रशासनलाई खबर गरौं,
- वनजंगलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खवर गरौ,
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं।
- डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## खनाल आयोगको प्रतिवेदन र उपादेयता

नेपाल सरकारले २०८१ असोज २१ मा पूर्वअर्थ सचिव तथा अर्थशास्त्री रामेश्वर खनालको नेतृत्वमा आठ सदस्यीय उच्चस्तरीय 'आर्थिक सुधार सुझाव आयोग' गठन गरेको थियो। पहिले पाँच सदस्यीय रहेको आयोगले काम गरेको एक महिनापछि निजी क्षेत्रको तीन छाता संगठनका अध्यक्षलाई पनि त्यसमा समावेश गरिएको थियो। सो आयोगले चैत २९ गते 'आर्थिक सुधारको मार्गचित्र' शीर्षकमा तयार गरेको प्रतिवेदन उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल समक्ष पेस गरेको छ। देशको अर्थतन्त्रको सुधारका लागि बनेको उच्चस्तरीय आयोग न त यो पहिलो हो न त अन्तिम। यस्ता धेरै आयोग बनेका छन् र सबै आयोगले दिएको सुझाव बुझेर वा नबुझेर यथाशीघ्र सम्पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन सञ्चार जगत्ले दबाब दिन्छ। अर्कातिर, सरकारको निर्णायक तहमा बसेकाहरूको मूढताले होस् वा विभिन्न स्वार्थका कारण यस्ता प्रतिवेदनको विषयमा केही समय चर्चा हुन्छ र त्यसपछि विभिन्न मन्त्रालय र योजना आयोगको अँध्यारो कोठामा तिनको अवसान हुन्छ। हामी चाहन्छौं, रामेश्वर खनाल आयोगको प्रतिवेदनको नियति त्यस्तो दुःखद नहोस्।

खनाल आयोगको प्रतिवेदनको मूल सुझावको विषयमा चर्चा गर्नु पहिले यस आयोगको उपादेयताको सम्बन्धमा चर्चा गर्नु जरुरी छ। खनालसहित देशका प्रतिष्ठित विद्वान र आर्थिक क्षेत्रका छाता संगठनका अध्यक्षले दिएको सुझाव अर्थ मन्त्रालय स्तरमा राखिनुले यसको महत्तालाई उचित स्थान दिन नसकिएको स्पष्टै देखिन्छ। यस आयोगले देशको आर्थिक नीति, सार्वजनिक वित्त, सामाजिक सुरक्षा, वित्तीय क्षेत्रलगायत विभिन्न क्षेत्रमा सुझाव दिएको छ जसलाई कार्यान्वयन गर्न प्रधानमन्त्रीको तहमा मात्रै होइन सत्ताका प्रमुख दुवै दलको सर्वोच्च नेतृत्व तहले समेत बुझेर अपनाई कार्यान्वयन गर्ने दृढ अठोट लिनुपर्छ। आयोगले छिमेकी देश भारतसँगको स्थिर विनिमय दरको विकल्पका सम्बन्धमा छलफल र अनुसन्धान गर्नुपर्ने सुझाव दिएर यस विषयमा जस्केलाबाट छिरेको छ। जुन अर्थतन्त्र आफ्नो वास्तविक क्षमताभन्दा सस्तोमा विदेशी सामान उपभोग गरेर बसेको छ (मूलतः भारतीय मुद्रासँगको स्थिर विनिमय र भारतको बलियो बन्दै गरेको अर्थतन्त्रका कारणले) त्यसलाई अन्ततोगत्वा "डच डिजिज" अर्थात् स्रोत नभई उपभोग गरेर अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभावले अवश्य घात गर्छ। तथापि, नेपाल आफैं आर्थिक विकासको बाटोमा अलि बलियो ढंगले अघि नबढी यस्तो विषयमा छलफल मात्र चलाउँदा पनि आर्थिक अस्थिरताले निकै ठूलो राजनीतिक अस्थिरता निम्त्याउन सक्ने जोखिमप्रति सावधान हुनु जरुरी हुन्छ।

प्रतिवेदनले नीतिगत स्थायित्वका लागि सचिव र सहसचिवलाई जथाभावी सरुवा नगर्न विभिन्न सुझाव पेस गरेको छ। यो विषय अर्थ मन्त्रालयले मात्र होइन कार्यकारी प्रमुखकै तहमा मनन र आत्मसात् गरिनुपर्छ। तर, हरेक मन्त्रीलाई आफ्नो 'खास मान्छे' मन्त्रालयमा ल्याएर ठूलो तहको भ्रष्टाचार गर्ने जुन बानी परेको छ त्यसले गर्दा यो बुँदा पनि योजना आयोगको अँध्यारो कुनामा परेर सड्ने प्रमुख सुझाव हुनसक्छ। संयुक्त सरकारको उच्चस्तरीय संयन्त्र तथा दुवै दलका नेताले मनन गर्नुपर्ने र हालको अवस्थामा कार्यान्वयन गर्नुपर्ने विषय चुनावी खर्चमा पारदर्शिता तथा संघीय कोषबाट वार्षिक अनुदान दिनुपर्ने सुझाव पनि हो। नेपालमा राजनीति गर्ने व्यक्तिको पेसा राजनीतिमात्र हुने र जसले धेरै भ्रष्टाचार गरेर रकम जम्मा गर्न सक्यो अर्को निर्वाचनमा उसैको विजय हुने गलत परम्परामा अंकुश लगाउन पनि राजनीतिक दलले पाएको मतको आधारमा समानुपातिक ढंगले राज्यको कोषबाट दल संचालन खर्च दिनुपर्छ भने अन्य अपारदर्शी खर्चलाई सशक्त ढंगले नियन्त्रण गरिनुपर्छ। यस कदमले लोकतन्त्रको दीर्घायुमा निकै सहयोग पुग्ने आशा गर्न सकिन्छ। यस्तो सुझावका लागि आयोग प्रशंसाको पात्र भएको छ।

आयोगले कानुनी सुधारको पाटोमा पनि निकै धेरै ऐनहरू खारेज गर्न सुझाव दिएको छ भने कतिपयलाई परिमार्जन गर्ने, कतिपयलाई एक अर्कासँग गाभ्ने र कति नयाँ ऐन बनाउन पनि सुझाव दिएको छ। तर, कानुन अधिवेशन भनेर चल्ने संसदीय अधिवेशनमा नै एक, दुईवटा भन्दा बढी कानुन नबन्ने अवस्थामा यी सुझाव कार्यान्वयनमा आउनेमा विश्वस्त हुन सकिँदैन। उल्लेखित विषय महत्त्वपूर्ण र मननयोग्य भए पनि धेरै विषयमा आयोगले आफ्नो जिम्मेवारीमात्र निर्वाह गरेको र तिनमा कुनै प्रकारको सुधार आउने आशा नगरेको पनि स्पष्ट देखिन्छ।

अन्त्यमा, यस्ता आयोगहरूको प्रतिवेदन स्वीकार गर्नेमात्र होइन सरकार चलाउने दुई दलको नेतृत्व तहमा बसेका दुई शीर्ष नेता नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा तथा नेकपा (एमाले)का अध्यक्ष तथा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीबीच देशको आर्थिक उन्नतिका लागि खनाल आयोगका सुझावहरू अधिकाधिक कार्यान्वयन गर्न सहमति भयो भने लोकतन्त्र, गणतन्त्र र संघीयताप्रति अहिले जनतामा देखिएको उदासीनता कम भएर जाने विश्वास गर्न सकिन्छ।

# अब त नेताहरूलाई भन्नैपर्छ, कि राम्रो काम गर या राजनीति छाड

**सोमबहादुर थापा**

हामी नयाँ वर्ष ०८२ सालमा प्रवेश गरिसकेका छौं। नयाँ वर्ष नेपाल, नेपाली र विश्वभरका जनताका लागि सुख, शान्ति, समृद्धि र विकासको वर्ष बनोस्। संसारका सबै भागमा शान्ति, सद्भाव, भातृत्व प्रेम र दया र करुणा जागोस् भनी शुभकामना व्यक्त गर्नु हामी सबैको कर्तव्यको कुरा पनि हो। यतिखेर नेपालमा मात्रै नभएर विश्वका सबै भागमा अशान्ति, हिंसा, आतंक, घृणा, कलह र झगडा फैलिन गएको छ। रसिया र युक्रेनबीच तीन वर्षदेखि भयंकर युद्ध चलिरहेको छ भने गाजा तथा समग्र मध्यपूर्वमा पनि युद्ध र द्वन्द्व बढेर गएको छ। युद्ध, अशान्ति, हत्या र हिंसाको राजनीतिले कसैको पनि हित र भलो गर्दैन भन्ने कुरा अधिकांश सत्तामा बस्नेहरूले बुझ्न नसक्दा विश्व युद्ध र विनासको बाटोमा गइरहेको देखिन्छ। नेपाल वृद्ध, पशुपतिनाथ र सीताको जन्मभूमि भएको नाताले र ऋषिमुनिहरूको तपोभूमि भएकाले हरनेपालीले ०८२ सालमा विगतमा झैं अशान्ति, द्वन्द्व, कलह, अविश्वास, हिंसा, आतंक र लडाई नहोस् भन्ने कामना गर्नुका साथै विश्वभर शान्ति स्थापनामा विशेष जोड दिन अत्यावश्यक देखिएको छ।

नयाँ वर्षका लागि शुभकामना व्यक्त गर्ने क्रममा गतवर्ष नेपाल र विश्वभर घटेका मुख्य-मुख्य घटनाहरूको पनि राम्रो/नराम्रो पक्षबारे समीक्षा गरी तिनबाट केही पाठ सिकर अगाडि बढ्नु हामी सबैको कर्तव्यको कुरा पनि हो। २०८१ नेपाल र नेपालीका लागि सामान्य वर्ष रहन गयो। यो वर्ष नेपाल र नेपाली जनताका लागि भूकम्प, बाढी पहिरो, खडेरी, अभाव, बेरोजगारी, बेथिति, द्वन्द्व तथा कलह र महँगीको वर्ष नै रहन गयो। नेपालको राजनीतिक अवस्था पनि विगतमा झैं अस्थिरता, अन्यौलता र अविश्वासले ढाकिन गयो। राजनीतिक दलका नेताहरूमा सत्ता स्वार्थ, नातावाद, कृपावाद, गुटगत भावना, अहंकार र घृणा तथा भेदभावको भावना बढेर जाँदा शासन/प्रशासनमा जताततै अनियमितता, बेथिति, कानुनको अवहेलना र भ्रष्टाचारका घटना बढेर गए।

विश्वको सबै भागमा अनियमितता, भ्रष्टाचार र सार्वजनिक साधन/श्रोतको हिनामिना र दुरूपयोग गर्ने सानादेखि ठूला पदाधिकारी सबैमाथि कानुनी कारबाही हुने व्यवस्था अपनाएको देखिन्छ। तर नेपालमा अनियमितता र भ्रष्टाचारमा संलग्न हुने साना राष्ट्रसेवकलाई मात्र कानुनी कारबाही गर्ने गरिन्छ भने मन्त्री, प्रधानमन्त्री लगायत ठूला पदाधिकारीहरूलाई अनुसन्धानको दायरामा पनि ल्याउन नपाइने व्यवस्था छ। यसैले गर्दा नेपालमा अनियमितता, भ्रष्टाचार, सार्वजनिक साधन र श्रोतको हिनामिना तथा दुरूपयोग र आर्थिक अराजकताका घटना बढिरहेकै छन्। यसले गणतान्त्रिक र लोकतान्त्रिक व्यवस्थाको मर्म र उद्देश्यमाथि प्रहार हुन गएको छ।

दलका नेताहरूमा सत्ता स्वार्थमा लागेपछि देशले विकास र समृद्धिको मार्ग समात्न सकेन। यसले गर्दा देशमा सुशासन, विकास र समृद्धिका कुरा भाषण र कागजमा सीमित हुन पुगे। यो आर्थिक वर्षको नौ महिना बित्दासम्म सरकारले एक खर्ब विकास बजेट खर्च गरेको विवरण महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको छ। तीन खर्ब पनि खर्च गर्न नसक्ने सरकारले विकास र समृद्धिको लहर ल्याउँछ भन्ने आशा गर्नु बेकार छ।

यो आर्थिक वर्षमा साधारणतर्फ नौ खर्ब खर्च भएको देखिन्छ। यस हिसाबले नौ महिनामा दस खर्ब जति खर्च हुन सकेको देखिन्छ। यो आर्थिक वर्षमा उन्नाइस खर्ब जतिको बजेट आयो, तर त्यो लक्ष्य पूरा गर्न सकिने अवस्था छैन। यस स्थितिको विचार गर्दा हामीले संघीय सरकारको सोच विचार, बजेट निर्माण सिद्धान्त र कार्यान्वयन क्षमतामाथि ठूलो प्रश्न उठ्न गएको छ। यस प्रश्नबारे केही लेख्ने वा भन्ने सन्दर्भमा हाम्रो संघीय संसद्को बजेटउपर छलफल गर्ने र बजेट अनुगमन गर्ने कार्यशैलीमाथि पनि प्रश्न उठ्न गएको छ।

यसवर्ष नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा, एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा दुई सरकार बने। सयोगको कुरा, के छ भने दुवै नेताको सरकारले दुई तिहाईको बहुमत पाए। तर पनि देशमा जनताले देख्न र भोग्न पाउने ठोस र परिणाममुखी काम गर्न सकेनन्। जनताले राहत र सुविधा पाउने कुरा त भएनन्। यी दुबै सरकारले परम्परागत र नियमित काम तथा जिम्मेवारी पनि निर्वाह गर्न सकेनन्। यस अर्थमा यी दुबै सरकार असफल हुन गए भन्नु अन्यथा नहोला ।

राजनीति देशको सबैभन्दा ठूलो नीति हो। यसले देश विकास र समृद्धिको स्पष्ट रणनीति र खाका बनाउन नसक्दा विकास र समृद्धिले गति लिन सकेन। जसले गर्दा जनतामा निराशा र असन्तुष्टि बढ्न गयो। युवाहरूमा नेपालमा बस्नुभन्दा विदेशमा गएर काम गर्नु बेस भन्ने भावना बढेर जाँदा आज देशमा उर्वर युवा जनशक्ति देख्न पनि गाह्रो हुन थालेको छ।

यी दुबै सरकारले देशमा देखिएका बेरोजगारी समस्या, उत्पादन र उत्पादकत्वको समस्या तथा निजी क्षेत्रलाई व्यापार व्यवसाय र औद्योगिक वातावरणलाई प्रोत्साहन गर्ने काम गरी देशभित्र रोजगारी वृद्धि गर्ने र उत्पादन र उत्पादकत्व बढाउन सिन्को पनि भाच्ने काम गरेनन्।

राजनीति दिशाहीन भएपछि देशका सबै क्षेत्रमा नीति, व्यवहार र काम कारबाही तथा सेवा प्रवाह पनि अप्रभावकारी बन्न जानु स्वभाविकै हो। देशमा लोकतन्त्रको पुनरोदयपछि र गणतन्त्रको शुरुवात भएपछि प्रशासनलगायत विद्यालय, क्याम्पस र विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेप बढेर जाँदा गुणस्तरीय र प्रतिस्पर्धात्मक क्षमता र प्रभावकारिता घटेर जान थाल्यो।

जसले गर्दा हाम्रा विश्व विद्यालयहरूले विश्वको जुनसुक भागमा गएर प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी उत्पादन गर्ने काम बन्द हुन गयो। अर्को कुरा, योग्यता, क्षमता र प्रतिस्पर्धाको युग हो। तर हामी समावेशिताको कुरा गरिरहेका छौं।

यसले गर्दा जेहेन्दार र मेधावी विद्यार्थीहरू नेपालमा पढ्नभन्दा बाहिर पढ्न जान क्रम बडेर जान थालेको छ। बरु योग्य र क्षमतावान विद्यार्थीहरूलाई राज्यले ऋण दिएर जागीर पाएपछि असूल गर्ने नीति बसाल्न बसे र गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षा दिन सके नेपालमा विद्यार्थीहरूलाई टिकाउन सकिन्थ्यो। यसतर्फ कुनै नेताको पनि ध्यान गएको देखिँदैन।

राजनीतिपछि देशमा स्वस्थ, सवल, योग्य, दक्ष र प्रतिस्पर्धात्मक क्षमता भएका जनशक्ति उत्पादन गर्न शिक्षा क्षेत्र पनि बिग्रिन जाँदा यतिखेर नेपालको शिक्षा क्षेत्र अराजक हुन पुगेको छ। साथै हामीले अब परम्परागत शिक्षा नीतिलाई बदलेर व्यवसायिक, प्राविधिक र प्रविधिमैत्री शिक्षा नीति अपनाउन अत्यावश्यक देखिएको छ। तर हाम्रो देशका नेताहरूको ध्यान यसतर्फ यसवर्ष पनि गएको देखिएन।

हाम्रा नेताहरूसँग देश विकास र समृद्धिको मार्गचित्र कोर्न क्षमता र दूरदर्शिता नहुँदा जनताको विकास र समृद्धिको आकांक्षा, आकांक्षामा सीमित रहन गए। देशमा प्रचण्ड नेतृत्वको सरकारले राजनीतिक स्थिर दिन नसक्दा विकासका योजना र कार्यक्रम पूरा नहुँदा जनतामा निराशा बढेर गयो भन्दै नेपाली कांग्रेस र नेकपा एमालेबीच नौ महिनाअगाडि संविधान संशोधन गर्ने र राजनीतिक स्थिरता ल्याउनेलगायतका सात बुँदे सम्झौता गरी दुई ठूला पार्टीको सरकार बन्यो। केपी ओली नेतृत्वको यो सरकारले सामान्य काम पनि गर्न सकेन। प्रधानमन्त्री कार्यालयदेखि सबै मन्त्रालयले पैतिस अंक पाउन पनि गाह्रो भएको सरकारले नै बताइरहेको छ।

यतिबेला विश्वको अवस्था पनि बदलिएको छ। अब नेपालको विकास प्रयासमा विदेशी सहायता वा लगानी आउने सम्भावना कम छ। देशमा अनियमितता, भ्रष्टाचार, विकृति, कुशासन, अन्याय अत्याचार, दमन, शोषण र असमानता बढेर जाँदा अन्तर्राष्ट्रिय जगतले नेपाललाई राम्रो दृष्टिले हेर्न छाडेका छन्। संघीय संसदको कार्यशैली पनि परम्परागत हुन जाँदा यसबाट पनि जनतामा निराशा हुन गएको देखिन्छ। त्यस्तै राज्यका कुनै पनि संस्था वा अंगले प्रभावकारी सेवा सुविधा दिन नसक्दा मुलुकको अवस्था दिन दिने खस्केर जान थालेको छ।

असफल र अक्षम नेताहरूबाट विकास र समृद्धि हुँदैन भन्ने बुझ्दा बुझ्दै पनि हामी जनता पनि तिनै नेताको पछाडि लाग्नु अर्को दुःखको कुरा हुन गएको छ। यस अर्थमा देशलाई बेथिति र कुशासनको बाटोमा हामी जनता बंगलादेश र श्रीलंकाका जनताले अक्षम र भ्रष्ट नेताहरूलाई बर्खास्त गर्दा हामी केही गर्न सकिरहेका छैनौं। अन्तमा, हामी सबै मिलेर नेताहरूलाई राम्रो काम गर या राजनीति छाड् भन्ने चेतावनी दिनुपर्ने भएका छ। हामी सबै जनता जाग्न सकेमा देशले विकास र समृद्धिको बाटो समात्नेछ।

*शिक्षकहरुको ...*

सञ्चालनबारे अन्योल बढेको भन्दै बोर्डले परीक्षामा सहभागी भएर परीक्षालाई सफल पार्न शिक्षकहरुलाई अनुरोध गरेको छ। बोर्डले कक्षा १० को उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षा सञ्चालन तथा व्यवस्थापनमा सहयोग र सहभागिताका लागि शिक्षकहरुलाई आग्रह गरेको हो। नेपाल शिक्षक महासंघले भने विद्यालय शिक्षा ऐन जारी नहुँदासम्म कुनै प्रकारका परीक्षामा सहभागी नहुने जनाएको छ। नेपाल शिक्षक महासंघको नेतृत्वमा शिक्षकहरुले आफ्नो पेशागत हकहितका लागि शिक्षा विधेयकलाई ऐनका रूपमा चाँडो पारित गरियोस् भन्ने मागसहित सबै शैक्षिक कार्यक्रम बहिष्कार गरी आन्दोलन गरिरहेका छन्। संसद्को शिक्षा समिति अन्तर्गतको उपसमितिले अहिलेसम्म विद्यालय शिक्षा विधेयकका ७६ दफा पारित गरेको छ। १६३ दफा रहेको विधेयकका ७६ दफामा छलफलपछि सहमति गर्दै पारित गरेको हो। त्यस्तै २० दफामा भने छलफल गरे पनि पारित हुन बाँकी रहेको समितिले जनाएको छ। उपसमितिमा हरेक दिन विधेयकमाथि ४/५ घण्टा छलफल हुँदै आएको छ। सरकारले यही वैशाख १२ गते संसद्को अधिवेशन बोलाएको छ।

*आनन्दी सदाय...*

थियो। तर, मुद्दा दर्ता भएपनि आरोपितलाई पक्राउ गर्न प्रहरीले आनाकानी गर्दै आएको थियो। आरोपितहरु अझै पनि पक्राउ परेका छैनन्।

# यसरी निभ्यो वीरगञ्जको साम्प्रदायिक आगो

**अली असगर देवान**

वीरगञ्ज, ५ बैशाख। केही दिन यता अशान्त रहँदै आएको वीरगञ्जमा शुक्रवार बिहानदेखि पूर्णरुपमा निषेधाज्ञा हटेको छ। वीरगञ्जमा उत्पन्न दुई समुदायबिचको विवाद मत्थर भएपछि जिल्ला प्रशासन कार्यालय पर्साको निर्णयले शुक्रवार बिहानदेखि निषेधाज्ञा हटाइएको छ। चैत ३० गते हनुमान जयन्तीको अवसरमा शोभायात्रा निकालेपछि अचानक साम्प्रदायिक विवाद बढेको थियो। अवस्था नियन्त्रणमा लिन भन्दै स्थानीय प्रशासनले सुरक्षा समितिको बैठकका आधारमा कर्फ्यु लगाएको थियो। कर्फ्युका कारण साम्प्रदायिक प्रदर्शनमा क्रमिक सुधार हुँदै गएपछि जिल्ला प्रशासन कार्यालयले कर्फ्यु हटाएर निषेधाज्ञा जारी राखेको थियो। निषेधाज्ञा जारी राख्नुपर्ने अवस्था नरहेको सुरक्षा विश्लेषणपछि शुक्रबारदेखि हटाइएको छ।

जिल्ला प्रशासनले विभिन्न राजनीतिक दल, समूह, हिन्दुवादी सङ्गठनसहित अन्य सरोकारवाला पक्षसँग पटकपटक छलफल गरेको थियो। यस क्रममा विवाद सुल्झाएर अवस्था साम्य गर्ने प्रतिबद्धता आएपछि सुरक्षा समितिको बैठकले निषेधाज्ञा हटाउने निधो गरेको हो। निषेधाज्ञा हटेपछि वीरगञ्ज पुरानो लयमा फर्किँदै गएको छ। बजार पूर्णरूपमा चलायमान बनेको छ।

**विवाद सुल्झाउन २८ घन्टा लाग्यो**

चैत ३० गते दिउँसो तीन बजेदेखि एकाएक वीरगञ्जको अवस्था तनावग्रस्त बन्यो। शोभायात्रा छपकैयामा पुग्दा दुवै समुदायबिच विवाद सिर्जना भएको थियो। सुरक्षा निकायका जिम्मेवार व्यक्तिहरूको उपस्थितिमा शोभायात्रा निकाल्दा तीन बजेपछि विवाद चर्किएपछिको अवस्थालाई मध्यनजर गरेर तुरुन्त सुरक्षा समितिको बैठक डाकियो। झडपलाई नियन्त्रणमा लिन एक हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरियो। तथापि



अवस्था झन् बिग्रिने आकलन गर्दै सुरक्षा समितिले त्यही दिन साँझ साढे ६ बजेदेखि वीरगञ्ज महानगरमा कर्फ्यु आदेश जारी गऱ्यो। बजारमा कर्फ्यु लागिसकेपछि ३१ गते बिहानसम्ममा मुठभेडको अवस्था रोकियो, तर प्रशासन यतिमै सीमित रहेन। ३१ गते विभिन्न चरणमा ६ पटक छलफल चलायो।

जिल्ला प्रशासन कार्यालय पर्साले ३१ गते १४ घन्टासम्म तारन्तार छलफल चलायो। बिहान ७ बजे राजनीतिक दलहरूसँग बैठक राखेको प्रशासनले ९ बजे हिन्दुवादी सङ्गठनहरूको बैठक बोलायो। त्यसलगत्तै १० बजे सबै दल र हिन्दुवादी संगठनहरूसँगको अर्को बैठक भयो। यो बैठक सकेलगत्तै ११ बजे मुस्लिम समुदायका अगुवाहरूसँग बैठक भयो। यी सबै बैठक पश्चात पुनः दिउँसो १ बजे जिल्ला प्रशासन कार्यालयमै सर्वदलीय बैठक बस्यो। सर्वदलीय बैठक पश्चात ३ बजे सर्वपक्षीय बैठक बस्यो। प्रमुख जिल्ला अधिकारी गणेश अर्याल भन्छन्, 'यसरी सबैसँग विभिन्न चरणमा बैठक गरिसकेपछि ५ बुँदे सहमति भयो, जुन सहमति अनुसार सबैको सुझाव बमोजिम हामीले त्यो दिन राति १२ बजेदेखि कर्फ्यु हटायौं।'

कर्फ्यु हटाए पनि निषेधाज्ञा भने जारी नै राखिएको थियो। ३१ गते भएको पाँच बुँदे सहमति कार्यान्वयनका क्रममा प्रहरीले घटनामा संलग्नहरूलाई अनुसन्धानका लागि नियन्त्रणमा लियो। प्रहरीले उच्छृंखल गतिविधि गर्ने दुवै समुदायबाट २/२ जनालाई नियन्त्रणमा लिएपछि त्यही साँझ हिन्दुवादी संगठनहरूले विरोधमा प्रदर्शन गरे। यो प्रदर्शन २ गतेमात्रै सीमित रहेन। ३ गते पनि उनीहरूले प्रदर्शन जारी राखे। बजारको अवस्था पुनः संवेदनशील बन्दै गएपछि प्रमुख जिल्ला अधिकारी अर्यालले फेरि हिन्दुवादी सङ्गठन, सबै राजनीतिक दल, मुस्लिम अगुवा, सञ्चारकर्मी, उद्योग वाणिज्य संघ र महानगरका सबै वडाका वाडध्यक्षसँग छुट्टाछुट्टै बैठक गरे।

यसरी चैत ३१ र वैशाख २ गते चलेको २८ घन्टे एक पक्षीय, दुई पक्षीय, त्रिपक्षीय र सर्वपक्षीय बैठकमा प्रमुख जिल्ला अधिकारी अर्यालले कानुन कार्यान्वयनमा कुनै कसर बाँकी नराख्ने चेतावनी दिँदै तनावको अवस्था कम गर्न आग्रह गरे। अन्ततः ३ गते सबै राजनीतिक दल र जिल्लाबाट मन्त्री भएकाहरूले विज्ञप्ति निकालेर विवाद समाधान गर्न आग्रह गरे। 'यही कारणले वीरगञ्जको विवाद अहिले साम्य भएको छ तर समाप्त भएको छैन,' प्रमुख जिल्ला अधिकारी अर्यालले भने। मूलतः सुरक्षा संयन्त्रको पहलले नै ९६ घन्टासम्मको साम्प्रदायिक घटना र विवाद साम्य भएर वीरगञ्जको अवस्था सामान्यतिर फर्किएको स्थानीय सुधिर पटेलको बुझाइ छ।

**के चलिरहेको छ कानुनी कारबाही ?**

दुई समुदायबिच हिंसा भड्काउने गतिविधि गरेको आरोपमा ५ जना हिरासतमा छन्। ३१ गते भएको सहमति अनुसार पर्सा प्रहरीले सुक्ष्म अनुसन्धान गरेर ५ जनालाई नियन्त्रणमा लिएको छ। पर्सा प्रहरी प्रमुख गौतम मिश्र भन्छन्, 'हामीले त्यो दिनको सीसीटीभी फुटेज, ड्रोन र सामाजिक सञ्जालमा आएका सबै सबुत–प्रमाणहरूको अध्ययन गऱ्यौं, त्यही अनुसार घटनामा संलग्नहरूलाई हामीले नियन्त्रणमा लियौं।' अहिले ती सबैलाई हिरासतमा राखेर अनुसन्धान गर्न अदालतबाट म्यादसमेत थप भइसकेको उनको भनाइ छ। घटना कहाँबाट सुरुवात भयो ? कुन समुदायले पहिला उच्छृंखल गतिविधि गऱ्यो ? यी सब सवालमा अनुसन्धान भइरहेको उनी बताउँछन्। त्यसकारण अहिले को दोषी ? को निर्दोष भन्ने अवस्था नरहेको उनको भनाइ छ।

प्रहरी प्रमुख मिश्रका अनुसार घटनामा जोसुकै दोषी भए पनि कानुन कार्यान्वयनको पाटोमा प्रहरी एक इन्च पनि चुक्ने छैन। पक्राउ परेकाहरूमाथि राज्यविरुद्ध अपराधको मुद्दा र आपराधिक उपद्रवको मुद्दा चलाइएको पर्सा प्रहरीले जनाएको छ।

# सात वर्षदेखि बसही पुल अलपत्र, ठेक्का रद्द गर्ने तयारी

**कमलेश ठाकुर**

जनकपुर, ५ वैशाख। जनकपुर–ढल्केवर सडकखण्डमा पर्ने बसही पुल सात वर्षदेखि अलपत्र अवस्थामा छ। निर्माण कम्पनी सम्पर्कविहीन भएपछि पुल निर्माण कार्य रोकिएको हो। दुई वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने सर्तमा सम्झौता गरेको नागार्जुन हेम कन्स्ट्रक्सन जेभी र राजु कन्स्ट्रक्सन अहिले सम्पर्कविहीन रहेको जटही–जनकपुर–ढल्केवर ६ लेन सडक कार्यालय बर्दिबासका इञ्जिनियर उज्ज्वल झाले जानकारी दिए। उनका अनुसार दुईपटक म्याद थप गरिए पनि भौतिक रूपमा हालसम्म जम्मा ४० प्रतिशत मात्र काम सम्पन्न भएको छ। पछिल्ला ६ महिनादेखि त निर्माण कार्य पूर्ण रूपमा बन्द छ।

'ठेक्का रद्द गर्ने तयारीमा छौं निर्माण कम्पनी सम्पर्कविहीन छ, साइटमा पनि कुनै प्रतिनिधि भेटिँदैन,' उनले भने, 'अन्तिम स्पष्टीकरण मागिसकेका छौं, त्यसपछि निर्णयमा पुग्छौं।' उनका अनुसार पटक–पटक पत्राचार गर्दा पनि काम सुरु नभएको, सम्पर्कमा नआएको र पठाइएको पत्रको जवाफसमेत नआएको हो। कार्यालयले गएको चैत २९ गते ठेक्का किन नतोड्ने भन्ने सन्दर्भमा पत्र पठाएको थियो। तीन दिनभित्र लिखित जवाफसहित कार्यालयमा सम्पर्क गर्न भनिएको भए पनि हालसम्म कुनै जवाफ नआएको इञ्जिनियर झाले बताए। साइट इञ्जिनियरको प्रतिवेदनपछि गएको फागुन २० गते कार्यालयले पुनः काम सुचारु गर्न पत्र पठाएको थियो। प्रतिवेदनमा साइटमा निर्माण कार्य ६ महिनादेखि बन्द रहेको र त्यहाँ निर्माण कम्पनीको अधिकृत प्रतिनिधि नरहेको उल्लेख गरिएको थियो।

त्यसअघि कार्यालयले राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गरेर सम्पर्कमा आउन र काम सुरु गर्न पनि आग्रह गरेको थियो। उक्त समय मौखिक रूपमा सम्पर्कमा आएर सहमति जनाए पनि काम भने सुरु नगरेको इञ्जिनियर झाले बताए। '०८१ सालको पुसदेखि अहिलेसम्म सम्पर्कमा आएका छैनन्,' उनले भने, 'हामीले व्यवस्थापक बैठकमा उपस्थित हुन पत्र पठाएका थियौँ, तर आएनन्।'

**समय सकियो, काम सकिएन**

२०७६ साल असार ३१ गते उक्त निर्माण कम्पनीसँग सम्झौता भएको थियो। २०७८ असार ३० गतेसम्म पुल निर्माण सक्नुपर्ने सर्त थियो। भ्याटसहित १४ करोड ८ लाख २ सय २३ रुपैयाँमा ठेक्का सम्झौता भएको हो। तर निर्माण सम्पन्न गर्नुपर्ने समयमा केवल जग हाल्ने काम मात्र गरिएको छ। कोरोना महामारी र १३औं संशोधनका कारण दुईपटक म्याद थप गरिएको थियो। म्याद थपिसकेपछि ०८० असार ३० गतेसम्म काम सक्नुपर्ने थियो। तर हालसम्म जम्मा ४० प्रतिशत मात्र भौतिक प्रगति भएको छ। ठेकेदार कम्पनीले यसबीचमा करिब २३ प्रतिशत भुक्तानी लिइसकेको इञ्जिनियर झाले जानकारी दिए। 'करिब २३ प्रतिशत भुक्तानी भएको छ,' उनले भने, 'हामी त्यो रकम फिर्ता तान्न प्रयासरत छौं।'

**दुई वर्षमा ११ जनाको ज्यान गयो**

पुल निर्माण अलपत्र हुँदा वरिपरी दुई सय मिटरको क्षेत्र दुर्घटनाग्रस्त बनेको मिथिला नगरपालिका–६ का वडाध्यक्ष नन्दकिशोर यादवले बताए। पटक–पटक पत्राचार गरे पनि वेवास्ता गरिएको र सडक जाम गरी प्रदर्शनसमेत गरिसकिएको उनले सुनाए। स्थानीयको पीडा सबै निकायले वेवास्ता गरेको उनको आरोप छ। दुई वर्षको अवधिमा सो क्षेत्रमा ४५ वटा दुर्घटना भएको जिल्ला ट्रफिक प्रहरी कार्यालय प्रमुख (इन्स्पेक्टर) हरिबहादुर ओलीले जानकारी दिए। उनका अनुसार ती दुर्घटनामा परी ३४ जना घाइते र ११ जनाको मृत्यु भएको हो। 'यो क्षेत्र दुर्घटना बहुल हो। तीव्र गतिका कारण अधिकांश दुर्घटना हुने गर्छ,' उनले भने, 'पुल निर्माण नजिक खाल्डो जस्तो सडक रहँदा दुर्घटना झन् बढी हुने गरेको हो।' हाल ती खाल्डोहरू सडक डिभिजन कार्यालयसँग समन्वय गरी पुरिएको उनले जानकारी दिए।

# 'केरा ओइलाउने रोगको नयाँ प्रजाति टीआर–४ को निदान र व्यवस्थापनमा सफलता'

काठमाडौं, ५ बैशाख। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का वैज्ञानिकहरूले केरामा लाग्ने ओइलाउने रोगको नयाँ प्रजाति टीआर–४ को निदान र व्यवस्थापनमा उल्लेख्य सफलता प्राप्त भएको जनाएका छन्। राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्रले गरेको अनुभव आदानप्रदान तथा प्राविधिकलाई रोगको निदान र न्यूनीकरणका विधिसम्बन्धी तालिममा रोगको निदान र व्यवस्थापनबारे प्राप्त सफलताको जानकारी दिइएको हो। कार्यक्रममा मुख्य अनुसन्धानकर्ता डा. राम खड्काले अहिलेसम्मको प्रगति प्रस्तुत गर्दै २०८० साल पुसदेखि शुरू गरिएको रोगको अनुसन्धान र व्यवस्थापनबाट समयमै सतर्कता



अपनाउन सक्नाले नेपालको केरा उद्योग ठूलो क्षति हुनबाट जोगिएको बताउनुभयो। उहाँले दुई वर्षको अनुसन्धानबाट प्राप्त नतिजालाई स्तरीकरण गर्ने कार्य भइरहेको र केही समयमै रोग निदान तथा व्यवस्थापनको प्याकेज तयार गरिने बताउनुभयो।

अहिले केही रासायनिक तथा जैविक विधिहरूको संयुक्त प्रयोगबाट रोग नियन्त्रण गर्ने विधि विकास गरिएको र संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनको सहयोगमा थप अनुसन्धान जारी रहने भएको छ।

नार्कका प्रवक्ता एवम् राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा. कालिकाप्रसाद उपाध्यायका अनुसार २०८० साल भदौमा पहिलो पटक कैलालीमा केराका केही बगैँचामा टीआर–४ रोग देखिएपछि कृषि मन्त्रालय, प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन कार्यालय र सरोकारवालासँगको समन्वयमा रोग फैलिन नदिन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि एवम् नार्कका कार्यकारी निर्देशक डा. दोजराज खनालले बालीनाली र पशुपालनलाई संयुक्त रूपमा अपनाउँदा धेरै समस्याको समाधान गर्न सकिने बताउनुभयो। एलायन्स बायोभर्सिटीका तर्फबाट डा. सिजुन भेँगले एशियामा यो रोगको प्रभाव र व्यवस्थापनमा गरिएका प्रयासहरू प्रस्तुत गर्नुभएको थियो। खाद्य तथा कृषि संगठनका नेपाल प्रतिनिधि डा. केन सिमिजुले संगठनले शुरूदेखि नै समस्याको समाधानमा संलग्न रहन पाउँदा खुशी व्यक्त गर्दै यसको व्यवस्थापनमा नार्कले गरेको प्रगतिको प्रशंसा गर्नुभयो।

# कार र टिपर ठोक्किँदा दुई जनाको मृत्यु

बारा, ५ बैशाख। बारामा दिउँसो कार र टिपर ठोक्किँदा दुई जनाको मृत्यु भएको छ। निजगढ –कलैया सडक खण्डमा कार र टिपर एकापसमा ठोक्किएर दुई जनाको मृत्यु भएको हो। पश्चिमतर्फ आउँदै गरेको बागमती प्रदेशको ०१–०२५– ख ५०७९६ र पूर्वतर्फ जाँदै गरेको मधेस प्रदेशको २–०३–००१– ख ०६०७ नम्बरको टिपर एक आपसमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ। घटनाको बारेमा विस्तृत अध्ययन सुरु गरिएको बारा प्रहरीले बताएको छ।

# सरकारले चाहे केही दिनमै पास हुन्छ शिक्षा विधेयक

काठमाडौं, ५ वैशाख। विद्यालय शिक्षा ऐन मागेर शिक्षकहरू दुई सातादेखि सडक प्रदर्शनमा छन्। सरकारले यथाशक्य चाँडो ऐन ल्याउने भनेर घर फर्किन शिक्षकहरूलाई आग्रह गरिरहेको छ। शिक्षकहरू ऐन आउने सुनिश्चितता नभएसम्म घर नफर्किने अडानमा छन्। विद्यालय शिक्षा विधेयक २७ भदौ २०८० देखि संसद्मा छ। यो विधेयकले केही संसदीय प्रक्रिया पूरा गरिसकेको छ। सभामा सैद्धान्तिक छलफल भएर सांसदहरूले संशोधन प्रस्ताव दर्ता गर्ने समय ब्यतित भएर निकै अगाडि बढिसकेको छ।

प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले संशोधनकर्ता सांसदहरू र सरोकारवालाहरूसँग छलफल गरिसकेको छ। हाल विधेयकको विषयवस्तुमा सहमति जुटाउने प्रयास चलिरहेको छ। यस निम्ति संसदीय उपसमिति क्रियाशील छ। प्रतिनिधिसभा नियमावली अनुसार विषयवस्तुमा सहमति जुटाएर तत्काल मूल समितिमा पठाउन सक्छ। मूल समितिले छलफल गरेर अगाडि बढाउन सक्छ। राजनीतिक दलहरूका बीचमा सहमति भए वा यस निम्ति सरकारले अग्रसरता देखाए वर्षे अधिवेशनको पहिलो दिन नै प्रतिनिधिसभामा विधेयक पेश हुन सक्छ।

संसदीय समितिले जुटाएको सहमतिमा संघीय संसद्मा हेरफेर हुने अभ्यास कम छ। किनभने, संसदीय समितिमा पनि सबै दलका प्रतिनिधि हुन्छन्। दलसँगको परामर्शमा नै सांसदहरूले भूमिका खेल्ने भएकाले दलीय चाहना भए केही दिनमै विद्यालय शिक्षा विधेयक ऐनमा रुपान्तरित हुन सक्छ। यसअनुसारको वातावरण बने प्रतिनिधि सभाबाट भने वैशाख १२ मै विद्यालय शिक्षा विधेयक पास हुन सक्छ। प्रतिनिधिसभाबाट पास हुँदैन विधेयक ऐनमा रुपान्तरित हुँदैन। प्रतिनिधिसभाबाट पास भएपछि राष्ट्रिय सभामा जान्छ। राष्ट्रिय सभामा पुगेपछि सांसदहरूलाई संशोधन दर्ताका लागि ७२ घण्टाको समय दिनुपर्छ।

सांसदहरूको संशोधन र विधेयकलाई एकै ठाउँमा राखेर दफावार छलफल हुन्छ। दफावार छलफल सभामै वा संसदीय विषयगत समितिमा गर्ने अभ्यास छ। सभामै गर्दा केही छिटो र संसदीय विषयगत समितिमा लैजाँदा केही ढिलो हुने गर्दछ। दफावार छलफलसहित राष्ट्रिय सभाले पास गरेपछि पुनः प्रतिनिधि सभामा आउँछ। प्रतिनिधिसभाले राष्ट्रिय सभाले संशेधन गरेको छ वा छैन भनेर हेर्छ। राष्ट्रिय सभामा भएको संशोधन प्रतिनिधिसभाले स्वीकार गरेको खण्डमा सभामुखबाट प्रमाणित भएर राष्ट्रपतिकहाँ जान्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनको रूपमा कार्यान्वयनमा आउँछ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार राजनीतिक सहमति जुटेको खण्डमा विधेयक अगाडि बढाउन सहज हुन्छ। राजनीतिक सहमति जुटेको खण्डमा संसदीय उपसमितिमा भएको विधेयक मूल समितिमा जान र मूल समितिमा सभामा जानका लागि एक/एक दिन लाग्छ। सभामा पुगेपछि पेश गर्न र पारित गर्न थप दुई दिन लाग्छ। राष्ट्रिय सभामा पूरै प्रक्रिया बाँकी रहेको छ। यसकारण केही दिन बढी राष्ट्रिय सभामा लाग्छ। राष्ट्रिय सभामा सैद्धान्तिक छलफल एक दिन गर्ने, ७२ घण्टा सांसदलाई संशोधन गर्न समय दिने र त्यसउपर छलफल गर्नुपर्ने हुन्छ।

गिरीका अनुसार 'खुरु-खुरु सबै विषयमा सहमति भएर आयो भने प्रतिनिधिसभामा तीन दिनमा विधेयक पास हुन सक्छ। राष्ट्रिय सभामा दफावार छलफल सभामै गर्ने हो अर्को ५ दिन लाग्छ। 'राष्ट्रिय सभामा पनि सबै विषयमा सहमति भयो र अगाडि बढ्यो भने र सभामै दफावार छलफल गर्ने हो भने ५ कार्य दिनमा सकिन्छ। विधायन समितिमा पठाउँदा त्यसका लागि चाहिने समय जोड्नुपर्छ।' उनका अनुसार कानुन निर्माणलाई समयमा ठ्याक्कै बाँध्न कठिन हुन्छ। छलफल गर्दै जाँदा नयाँ विषय आउन सक्छन् भने विधेयकका विषयवस्तुमा सहमति जुटेर सहजै अगाडि बढ्छ भन्ने हुँदैन।

गिरीले यस्तो तर्क गरे पनि राजनीतिक सहमतिमा वा सरकारको चाहनामा संसद्मा विधेयक द्रुत गतिमा पास भएका धेरै उदाहरण छन्। अघिल्लो हिउँदे अधिवेशनमै दुवै हाउसबाट ५ वटा विधेयक एक महिना भन्दा कम समयमा पारित भएका थिए। २२ फागुन २०८१ मा ५ वटा अध्यादेश प्रतिस्थापन विधेयक प्रतिनिधिसभामा दर्ता भएका थिए। जसमा सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, निजीकरण (पहिलो संशोधन) विधेयक थिए।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक र सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक पनि थिए। यी ५ वटै विधेयक दुवै हाउसबाट पारित भएर राष्ट्रपतिकहाँ पुगेर १८ चैत २०८१ मा प्रमाणीकरण भएका थिए। अर्थात, फागुन महिनाको ८ दिन र चैत महिनाको १८ दिन गरेर २६ दिनमा दुवै सभाका प्रक्रिया पूरा गरेर विधेयक पारित भएका थिए। विद्यालय शिक्षा विधेयकले प्रतिनिधिसभाको कैयन प्रक्रिया पूरा गरिसकेको छ। अब विषयवस्तुमा सहमति जुटे केही दिनमै पारित हुन सक्छ।

संसद् सचिवालयकै अधिकारीहरूका अनुसार दलीय चाहना भए वा सरकारले अग्रसरता देखाए राष्ट्रिय सभाले पनि विधेयक अगाडि बढाउन लामो समय लगाउँदैन। संसद् सचिवालयका पूर्वसचिव सोमबहादुर थापा हतारिएर कानुन बनाउन नहुने बताउँछन्। यसको अर्थ, संसद्मा विधेयक अड्काएर पनि राख्न नहुने उनको सुझाव छ। '२६ दिनमा पास गर्नुलाई म उपलब्धि मान्दिनँ, त्यसले परिपक्वताको अवस्था लिँदैन,' उनी भन्छन्, 'एक वर्षसम्म विधेयक नटुंग्याई संसदीय समितिमा राख्नु पनि राम्रो होइन।'

नेपालमा आवश्यकता र गहनताका आधारमा कानुन बनाउने प्रवृत्ति कम रहेको उनको अनुभव छ। 'सरकारले चाहेको भए शिक्षा विधेयक यसअघि नै ऐन बनिसक्थ्यो। यसमा सरकार दूरदर्शी देखिएन,' उनले भने। उनका अनुसार शिक्षामन्त्रीले संसद्को समितिमा गएर विधेयकको महत्व दर्शाउँदै छिटो पास गर्न आग्रह गर्न सक्छन्। थापा थप्छन्, 'सरकार शिक्षा समितिमा नजाने पनि होला, समितिले पनि ढिला गर्‍यो होला। समग्रमा भन्दा सरकारले पहल लिनुपर्‍यो।'




# हेटौंडा सिमेन्ट उद्योग ६ महिनापछि पुनः सञ्चालनमा



मकवानपुर, ५ वैशाख। हेटौंडा सिमेन्ट उद्योग ६ महिनापछि पुनः सञ्चालनमा आएको छ। उद्योगमा भएका यन्त्रको मर्मत–सम्भार र कच्चा पदार्थको आपूर्ति भएपछि सिमेन्ट उत्पादन गर्न चुनढुङ्गा तयार पार्न थालिएको छ। उद्योगका निमित्त महाप्रबन्धक नवीनकुमार कर्णका अुनसार एक/दुई दिनपछि सिमेन्ट उत्पादन थालिने छ। अब दैनिक रूपमा ६ सय क्विन्टल सिमेन्ट उत्पादन गर्ने लक्ष्य छ। उद्योगमा नयाँ यन्त्रहरूको पनि आवश्यक रहेको कर्णको भनाइ छ। नेपाल विद्युत् प्राधिकरणलाई बिजुली महसूल र कर्मचारीलाई पारिश्रमिकको व्यवस्था गर्न कठिन भएको अवस्थामा नयाँ यन्त्र खरिद असम्भव भएको भन्दै उहाँले उद्योगका समस्या समाधानमा सरकारले सघाउने विश्वास व्यक्त गर्नुभएको छ।

# गा.पा अध्यक्षमाथि गोली प्रहार

दाङ, ५ वैशाख। कपिलवस्तुको शुद्धोधन गाउँपालिकाका अध्यक्ष कमलेशशरण चौधरीमाथि गोली प्रहार प्रयास भएको छ। बिहीबार राति अध्यक्ष चौधरीलाई लक्ष्य गरी गोली प्रहार भएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रवक्ता डिएसपी मोहनमणि अधिकारीले जानकारी दिए। शौचालय गएर फर्किने क्रममा सानो हतियारबाट गोली प्रहार भएको डिएसपी अधिकारीले बताए। 'शौचालय घरबाहिर रहेछ फर्कँदा सानो हतियारबाट गोली प्रहार भएको रहेछ। घटनास्थलबाट एक थान सानो हतियार (पेस्तोल) मा प्रयोग हुने गोलीको खोका बरामद पनि भएको छ,' उनले भने।

यद्यपि अध्यक्ष चौधरीलाई गोली नलागेकाले उनी सुरक्षित रहेको डिएसपी अधिकारीले बताए।

'त्यो समय बिजुली गएको रहेछ,' डिएसपी अधिकारीले भने '



मोबाइलको उज्यालो बालेर फर्किँदै गर्दा गोली प्रहार भएपनि उहाँ भने सकुशल हुनुहुन्छ।' अध्यक्ष चौधरीले घरको पर्खाल बाहिरबाट आफूमाथि गोली प्रहार भएको प्रहरीलाई बताएका छन्। उनले घटनाबारे तत्काल प्रहरीलाई खबर गरेका थिए। स्थानीय प्रहरी युनिटबाट केही बेरमै प्रहरी त्यहाँ पुगेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको डिएसपी अधिकारीले जानकारी दिए।

# सुनसरीको कोशी गाउँपालिकामा आगलागी हुँदा ६० लाख रुपैयाँको क्षति

सुनसरी, ५ वैशाख। सुनसरीको कोशी गाउँपालिका–६ मा आगलागी हुँदा ६० लाख रुपैयाँ बराबरको क्षति भएको छ। गाईवस्तुको झिङ्गा र लामखुट्टे धपाउन बालेको आगो (घुरा) ले आगलागी हुँदा पाँच परिवारका १० वटा घर जलेर नष्ट भएको छ। स्थानीयवासी बाबुनन्द गोइत, रमानन्दराम यादव, मनोज यादव, खुशीलाल गोइत र विजय गोइतका घर जलेर नष्ट हुँदा ६० लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका सहायक प्रवक्ता एवम् प्रहरी निरीक्षक दिनेश अधिकारीले जानकारी दिनुभयो। हिजो बाबुनन्दको घरबाट आगलागी शुरू भएको थियो।



नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीयवासी, कोशी गाउँपालिकाको दमकलको सहयोगमा आगो निभाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)